नगर कार्यपालिकाको
बैठक संख्या: ६२, २०७९-२०८४
मिति २०८२/०५/३० को
निर्णय प्रमाणित ..............

**<u>कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ६२, २०७९-२०८४)</u>**

**मिति : २०८२ भदौ ३० गते**

**<u>निर्णयहरु:</u>**

१. मिति २०८२ भदौं २३ र २४ गतेको जेन जेड समूहको आन्दोलनका क्रममा मृत्यु भएका मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आन्दोलनका क्रममा घाईते भएका व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने । घाइतेहरुको उपचारका लागि आवश्यक सहयोग गर्न नेपाल सरकार लगायतका सम्बन्धित निकायको ध्यानाकर्षण गर्ने ।

२. जेन जेड समुहद्वारा भएको आन्दोलनका क्रममा कोहलपुर नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, नगर प्रमुख, नगर उपप्रमुख, ८ र ११ नं. वडा अध्यक्ष एवं पुर्व नगर प्रमुखको निजी निवास एवं अन्य सरकारी कार्यालयहरुमा भएको तोडफोड, आगजनी एवम् लुटपाटप्रति खेद प्रकट गर्दै यस्ता अराजक गतिविधिमा संलग्न दोषीहरुलाई हदैसम्मको कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

३. कोहलपुर नगर कार्यपालिकाको कार्यालय एवं मातहतका शाखा, उपशाखा, वडा कार्यालय एवम् स्वास्थ्य संस्थाहरुमा भएको क्षतिको एकिकृत विवरण संकलन गर्ने । उल्लेखित संस्थाहरुको मर्मत सम्भारका लागि आवश्यक रकम व्यवस्थापनका लागि सङ्घीय सरकार एवं प्रदेश सरकारसँग अनुरोध गर्ने ।

४. आन्दोलनका क्रममा व्यक्तिहरुको निजी सम्पत्तिमा भएको तोडफोड, आगजनी, लुटपाटको कार्यमा संलग्न दोषीहरुको सम्बन्धमा छानबिन गरी कारवाहीको दायरामा ल्याउन सम्वन्धित निकायसँग समन्वय एवं पहल गर्ने । क्षतिको एकीकृत विवरण तयारीका लागि आवश्यकता अनुसार घटनास्थल मुचुल्का, एवम् वस्तुस्थिति मुचुल्का तयारीका लागि सम्बन्धित वडा कार्यालयमार्फत जिल्ला प्रशासन कार्यालय एवम् इलाका प्रशासन कार्यालयमा र यसरी निजी सम्पत्तिमा पुगेको क्षतिको क्षतिपूर्तिका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

५. यस नगरपालिकाबाट सहज सेवा प्रवाहका लागि नगरपालिकाले आफ्नै अप्टिकल फाइबर मार्फत नगरपालिका अन्तर्गतका सबै शाखा एवं वडाहरुमा सेवा प्रवाह गर्दै आएकोमा आन्दोलनकारीहरुबाट इन्टरनेट सञ्चालनका पुर्वाधारहरु, कार्यालयका अत्यावश्यक भौतिक संरचना, कार्यालय सञ्चालनका आवश्यक सामाग्रीहरु समेत नष्ट भई कार्यालयको सेवा सञ्चालनमा कठिनाई हुन गएकाले यथाशिघ्र क्षति भएका संरचनाहरुको मर्मत संभार एवं कार्यालय सामाग्रीहरुको व्यवस्थापन गरी सेवा प्रवाह सुचारु गर्ने । यसका लागि चालु खर्च तर्फ विनियोजित बजेटबाट अपुग हुने देखिएमा नगरसभाको विशेष अधिवेशन आव्हान गरी रकमान्तर एवम् स्रोतान्तर गर्ने ।

६. आन्दोलनका क्रममा यस नगरपालिकाको संचालनमा रहेको एम्बुलेन्समा आगजनी भएकाले हाललाई अर्को व्यवस्था नभएसम्मका लागि स्वास्थ्य सेवाको अत्यावश्यक सेवा दिनका लागि नेपाल रेडक्रस सोसाईटी कोहलपुर उपशाखाको एम्बुलेन्स प्रयोग गर्न उक्त उपशाखा सँग सम्झौता गरी सेवा सुचारु गर्ने।